

# १३ नयाँ करारबाट पाएको मानवको निम्ति नयाँ युगको जीवन

<u>*यस अध्यायको मूल सार पद:*</u> १ यूहन्ना १:४, यूहन्ना ५:२४, रोमी ३:२४,२५, २ कोरन्थी ५:२१, १ यूहन्ना ४:१६, प्रकाश २:११, प्रकाश २०:६,१४ र प्रकाश २१:८।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"तिनीहरूमा जीवन होस् भनेर म आएँ, र त्यो जीवन अझ प्रसस्त होस् (भन्ने मेरो चाहना हो)" (यूहन्ना १०:१० रूपान्तरित)।**

यस बाइबल अध्ययन पुस्तकमा करारको विषयमा केन्द्रित भएको छ। करारलाई सरल र शुद्ध लवजमा परिभाषा गरिन्दा परमेश्वरले यो भनिरहनुभएको पाउँछौं: *करारकै अवधारणाबाट म तिमीहरूलाई पापबाट उद्धार गर्नेछु। बस, त्यतिमात्र कुरो हो।*

करारको प्रतिज्ञाको अन्तिम चरणको महान् नतिजा त्यसबेला प्राप्त हुनेछ जब यस पृथ्वीलाई नयाँ गरिएर अनन्त जीवन उपभोग गरिनेछ। यद्यपि, परमेश्वरबाट प्राप्त भएको करारको सुखद अनुभवको आभास् पाउन हामी त्यस बेलासम्म पर्खिरहनु आवश्यक छैन। अहिले नै हाम्रो बर्तमान जीवनप्रति परमेश्वरको असिम चासो छ; हामीलाई जे उत्तम छ त्यो उहाँले चाहना गर्नुहुन्छ। परमेश्वरसँग गरिने करार यो कुनै यस्तो कारोबार होइन जुन् अहिले यसो गर, त्यसो गर अनि त्यसको इनाम धेरै पछि पाउनेछौ। ती इनामहरू के हुन् त भन्दा जब हामी विश्वासद्वारा परमेश्वरसँग करारको सम्बन्ध राखेर चल्छौं तब अहिले नै यहाँ हामीहरूले आशिषका उपहारहरू पाउने निश्चित छ।

यस अध्यायमा हामीले अध्ययन गरियरहेको करार श्रृङ्खलाको अध्ययनलाई टुङ्गो लाउनेछौं। यस अध्यायमा हामीले अहिले नै उपभोग गर्न सक्ने आशिषहरूलाई नियाल्नेछौं, हाम्रो हृदयमा परमेश्वरको अनुग्रहबाट उब्जने

आशिषका केही प्रतिज्ञाहरूको समिक्षा गर्नेछौं किनकि जब उहाँले हाम्रो हृदयका ढोकामा ढकढक्याउनुभएको थियो त्यसबेला उहाँको आवाजलाई चिनेर ती ढोकालाई हामीले खोलेका थियौं। तर यस अध्यायमा हामीले पाउनुपर्ने वा पाउन सक्ने सबै आशिषहरूको बारेमा अध्ययन गर्न सक्दैनौं तर छुन्छौंमात्र। तर यो केवल आशिषको सुरूमात्र हो जुन कहिल्यै पनि अन्त्य हुँदैन।

**यस अध्यायको झलकः** *हामी किन आनन्दित र खुशी भएको अनुभव गर्दछौं? कुन आधारमा हामीले त्यस प्रतिज्ञालाई दावी गर्न सक्छौं? करारमा के छ जसले गर्दा हामीमा भएका दोष, गलत र हिनताबोधबाट मुक्त हुन सक्छौं? यथार्थमा नयाँ हृदय हुनु भनेको के हो?*

## १. आनन्द

**"र यी सबै कुराहरू हामीले तिमीहरूलाई लेख्छौं ताकि तिमीहरू आनन्दले भरियोस्" (१ यूहन्ना १:४ रूपान्तरित)।**

युहन्नाले के व्यक्त गरे सो हेर्नुहोस्। उनले केवल केही सरल शब्दहरूमात्र व्यक्त गरेकाछन् तर ती शब्दहरूले हामीमा हुनुपर्ने ठूलो फाइदालाई व्यक्त **गर्दछ**। करारमा पस्रिएका हामी जनहरूमा आनन्दको प्रतिज्ञा हुनुपर्छ र छ।

कतिपय इसाईहरूलाई यो भनिएको छ कि हामीहरू भावनामा चल्नुहुन्न। विश्वास तथा आस्था भनेको भावना होइन रे र हामी भावनाहरूभन्दा माथि उक्लिनुपर्दछ रे। यसमा तथ्य छैन भन्न मिल्दैन। फेरि त्यसैबखत हामी मानव प्राणी हुँदैनौं यदि हामीमा भावना, अनुभव, मनौभाव, भाव, अनुराग, मनस्थिति छैन र चित्तलाई सक्रिय **पारिने** तत्वहरूले असर गरेन भने। हामीमा भएका भावनाहरूलाई नकार्न सक्दैनौं; तर ती भावनाहरूलाई हामीले बुझ्नुपर्दछ, तिनीहरूलाई आफ्नै भूमिकामा रहन दिनुपर्दछ र सकेसम्म त्यसलाई बशमा राख्न खोज्नुपर्दछ। हामीले भावनाको अस्तित्वलाई अस्वीकार गर्नुको अर्थ गोल आकारलाई गोल आकार नहुनु भन्न खोज्नु जस्तै हो। माथिको पदमा यूहन्नाले हामीलाई भन्दछन् कि हामीमा भावना नहुनुमात्र होइन जुन आनन्दको भावना हो, भावना प्रसस्त वा पूरा हुनुपर्दछ रे। हामीमा हुने कुनै पनि मनोवेग, मनस्थिति, भावनाहरूलाई कुण्ठित नगर भनेर हामीलाई सिकाइरहेको पाउँछौं।

**यूहन्नाले कुन सन्दर्भमा उपर्युक्त कथन व्यक्त गरेका हुन् सो पहिलो अध्यायको सुरूमा पढ्नुहोस्। सुरूका इसाईहरूलाई यूहन्नाले लेखेर तिनीहरूमा आनन्दले भरिएको आशा उनले कसरी गरेका थिए? उनले लेखेका कुराहरूले तिनीहरूलाई किन आनन्दित बनाउनुपर्छ? हेर्नुहोस्, "१ जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेऱ्यौं र हाम्रा हातले छोयौं, २ त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो। ३ हामीले जे देखेका र सुनेका छौं, सो हामी तिमीहरूलाई सुनाउँछौं, ताकि हामीहरूसँग तिमीहरूको सङ्गति होस्। हाम्रो सङ्गति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। ४ हामी यी कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्द पूर्ण होस्" (१ यूहन्ना १:१-४)।**

येशूका बाऱ्ह जना चेलाहरूमध्ये यूहन्ना एक पनि थिए। येशूको साढे तीन वर्षसम्मको सेवाकार्यको सुरूदेखिनै उनी उहाँसँग थिए। येशूका केही अत्यन्तै अनेकौं आश्चर्य र चकित पार्ने कामहरू र घट्नाहरूमा उनी प्रतक्ष्यदर्शी थिए। उनी येशू गेतसमनीमा प्रार्थना गरिरहनुहुँदा, क्रुसमा टाँगिनुहुँदा उनको सामु थिए भने पहाडमा येशूको रूप महिमित भएर चम्किएको बेलामा पनि सँगै थिए। यसरी आफू प्रतक्ष्य दर्शी भएको हैशियतले आफूले के भन्न खोजेको छ सो विषयलाई भन्न ब बुझाउन उनी अति योग्य अर्थात् सिपालु थिए।

यो पनि गहिरिएर हेर्नुहोस्, उनले जे भनेका थिए त्यसको जोर आफूमा थिएन वा आफू येशूसँग रहेकोमा फूर्ति लगाउन खोजेका थिएनन् तर चेलाहरूको निम्ति येशूले के गर्नुभयो जसको फलस्वरुप चेलाहरूको बीचमामात्र सङ्गति होइन परमेश्वरआफैसँग पनि सङ्गति हुन सकोस् भनेर बुझाउन उनले लेखेका थिए। परमेश्वरसँग घनिष्ठ सम्बन्ध राख्न येशूले हाम्रो निम्ति ढोका खोलिदिनुभएको थियो। त्यो सम्बन्धले एक आपसमा सङ्गति हुने सृजना गर्दछ जसबाट आनन्दको अनुभूति विश्वासीहरूले गर्दछन्। येशूका भक्तहरूले सुनेका उहाँका कुराहरू सत्य हो भनेर उनले विश्वस्त पार्न खोजेका थिए। उनले ठोकुवा गरेर भन्छन् कि आफू प्रतक्ष्यदर्शी भएर उनले येशूलाई देखे, छोए, सुने र उहाँको अनुभव गरे। त्यही आधारमा तिनीहरू पनि स्वर्गमा रहनुभएका परमेश्वर पितासँग सङ्गति गर्न सकिन्छ। पिताले तिनीहरूलाई धेरै प्रेम गर्नुहुन्छ

र तिनीहरूलाई आफ्नो पुत्र दिनुभएर आफू नै तिनीहरूलाई सुम्पनुभएको थियो भनेर प्रत्येक येशूभक्तले थाहा पाओस् भन्ने यूहन्नाको चाहना थियो।

**केही हदमा भन्ने हो भने यूहन्नाले आफ्नै व्यक्तिगत गवाही दिन खोजिरहेका थिए। येशूसँगको सम्बन्धमा तपाईं आफैको गवाही के हो? तपाईंले के भन्न सक्नुहुन्छ जसले गर्दा यूहन्नाले बताउन खोजेको आनन्द अरूमा पनि बढोस्?**

## २. निर्दोष वा हिनताबोधबाट मुक्त

**"१ यसकारण जो ख्रीष्ट येशूमा छन् र आफ्नो भौतिक आकांक्षा होइन तर आत्ममा हिँड्छन् तिनीहरूमा दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ" (रोमी ८:१-२)।**

एकजना युवतीलाई निर्ममपूर्वक हत्या गरिएको थियो। त्यो हत्यारा को हो सो थाहा थिएन। पुलिसले हत्यारालाई पत्ता लगाउन त्यस युवतीको चिहानमा एउटा माइक्रोफोन लुकाएर राखे। एक बेलुका केही महिनापछि एक जना युवक त्यस चिहानमा आयो। ऊ घुँडा टेकेर रुँदै थियो। त्यस हत्या गरिएको युवतीसँग माफी माग्दै थियो। उसले भनिरहेको सबै कुरा माइक्रोफोनमा भरिरहेको थियो। त्यसको आधारमा पुलिसले उसको अपराधको निम्ति उसलाई पक्र्यो।

त्यस युवकलाई त्यस युवतीको चिहानमा किन डोऱ्याइयो त? उसमा भएको दोषी मनस्थितिले गर्दा हो, नत्र भने ऊ किन आउँथ्यो?

हो, हामी आशा गर्छौं कि हामीमध्ये कसैले त्यस युवकले जस्तो अपराध गरेका छैनौं। यद्यपि, हामी सबै दोषी छौं, हामीले कुनै न कुनै काम गऱ्यौं वा गर्छौं जसले हामीलाई लज्जित बनाउँछ र त्यो काम नगरेपनि हुन्थ्यो, त्यो बोलि नबोलेपनि हुन्थ्यो वा त्यस्तो व्यवहार नगरेपनि हुन्थ्यो भनेर हामी चाहना गर्न पुग्छौं तर जे भयो त्यसलाई फर्काउन सकिन्दैन।

येशू र नयाँ करारको उहाँको रगतले गर्दा हामी कोही पनि दोषको लाञ्छनामा रहिरन आवश्यक छैन। माथिको कथनले हामीलाई यो स्पष्ट पार्दछकि येशूमा रहेकोले हामी अब दोषी वा हिनतावोध मनस्थितिमा रहनु आवश्यक छैन। हामीलाई न्याय गर्नुहुने अन्तिम न्यायमूर्तीले हामी दोषरहित भएको ठहऱ्याउनुहुन्छ। यसको अर्थ हामी त्यस स्थितिमा रहने उहाँले पार्नुहुन्छ

जसले गर्दा हामीले कहिल्यै पन अपराध गरेका छैनौं र हामी दोषीमनस्थितिमा रहनु आवश्यक हुँदैन।

**रोमी ८:१मा पावलले व्यक्त गरेको भावनालाई देहायका पदहरूले कसरी बुझाउन खोज्छ? उनले व्यक्त गरेको भनाई कुनै भविष्यको निम्ति होइन अहिलेको लागि नै हो भनेर हामी कसरी ठम्याउने? हेर्नुहोस्, यूहन्ना ५:२४ "“साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ।" (अहिले नै जीवनमा प्रवेश गरेको छ रे!), रोमी ३:२२-२६ "२२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।" र २ कोरन्थी ५:२१ "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"**

परमेश्वरसँग करारको सम्बन्ध राखेर चल्दा पाइने धेरै प्रतिज्ञाहरूमा एक महान् र प्रमुख प्रतिज्ञा हो, अब हामी दोषको भारले रहिरहनु आवश्यकता छैन। जो जो रगतको करारमा पसेर परमेश्वरसँग करारको सम्बन्धमा रहन चाहन्छ, विश्वास, पश्चाताप र आज्ञा पालन गरेर चल्छ त्यो व्यक्तिमा भएको कुनै पनि दोषको बोझ उचालिएको हुन्छ वा दोषबाट मुक्त हुन्छ। हो, शैतानले बराबर हाम्रो दिमागमा यो घुसाइरहन खोज्छ कि हामी दुष्ट छौं, खराब छौं, परमेश्वरले हामीलाई ग्रहण गर्न हामी धेरै पापी छौं तर त्यसबेला हामीले त्यही गर्न सक्छौं जुन येशले गर्नुभएको थियो जब शैतानले उहाँलाई उजाड स्थानमा फसाउन खोजेको थियोः हामी पनि धर्मशास्त्रका वचनहरूलाई उद्धृत गर्न सक्छौं। तिनीहरूमा सबभन्दा चर्को कथनचाहीं रोमी ८:१ हो। यसको अर्थ यो

होइन कि हाम्रो जीवनमा पापको वास्तविकताप्रति आँखा छोप्नु हो। तर परमेश्वरसँग हाम्रो करारको सम्बन्ध भएकोले हामी पापको दोष वा आरोपको मुनि रहनु अब वाध्यता छैन। येशूले हाम्रो निम्ति दण्ड भोग्नुभयो। अब उहाँ परमेश्वर पिताको सामु आफ्नै रगतको बाजी राख्नुभएर र हाम्रो पापको सट्टामा आफ्नै धार्मिकतालाई प्रस्तुत गर्नुभएर हाम्रो निम्ति बिन्ति गरिरहनुभएको छ।

**तपाईंले आफ्नो जीवनमा जुनसुकै पाप गर्नुभएतापनि प्रभुले तपाईंलाई क्षमा दिनुभयो भन्ने आत्मज्ञानले तपाईंको जीवनमा के फरक पार्दछ? त्यस वास्तविकतालाई आत्मसात् गरेर कसैले तपाईंको विरुद्धमा पाप गरे, बोले, आलोचन गरे वा घृणा नै गरेतापनि उसलाई कस्तो आँखाले हेर्नुपर्छ भनेर हमीले सम्झिनु जरुरी छ? अरूसँगको तपाईंको व्यवहारमा त्यस आत्मज्ञानले कसरी असर पार्न सक्छ?**

## ३. नयाँ करार र नयाँ हृदय

**"१७ विश्वासद्वारा खीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" (एफिसी ३:१७-२१)।**

नयाँ करार भनेको त्यो हो जब परमेश्वरले उहाँको व्यवस्था वा दश आज्ञाहरू हाम्रा हृदयहरूमा राखिदिनुहुन्छ (यर्मीया ३१:३१-३३) भनेर यस पुस्तकका अध्यायहरूमा हामीले अघि नै हेऱ्यौं। हाम्रो हृदयमा व्यवस्थामात्र कुँदिएको छैन येशू पनि कुँदिनुभएको छ। यो धारणा अत्यन्तै मनासिव देखिन्छ किनकि खीष्ट र उहाँको व्यवस्था घनिष्टसँग बुनिएको छ। यसरी खीष्टको व्यवस्था हाम्रो हृदयमा राखिएर र खीष्ट हामीमा रहनुभएर करारको सबभन्दा ठूलो फाइदा हामीले पाउँदछौं-त्यो हो नयाँ हृदय (ग्रीक भाषामा रहनु भनेको आफ्नो निवासस्थान भनेर अनुवाद गरिएको छ। त्यसको अर्थ हाम्रो जीवनमा येशूले पाउनुहुने स्थायीत्वलाई जनाउँछ।

**हामीलाई नयाँ हृदय किन चाहिन्छ? जब हामीमा नयाँ हृदय हुन्छ तब हाम्रो जीवनमा के परिवर्तन भएको देखाउँछ?**

यस बुँदाको पद फेरि पढ्नुहोस्। पावलले प्रेमको गुणलाई जोड दिएको हेर्नुहोस्। यसमा हाम्रो जरा गाडिएको र दह्रिला वा जमिनदेखि नै

मजबुत भएको हुनैपर्छ भनेर भन्दछन्। प्रेमको जग स्थायी, ठोस, दृढतासाथ नहल्ली स्थीर भएर रहिरहेको हुनुपर्छ भन्ने आभास् दिन्छ। यदि परमेश्वरप्रति र अरूप्रति प्रेममा जरा गाडिएनभने हाम्रो विश्वासको अर्थ केही पनि हुँदैन (हेर्नुहोस्, मत्ती २२:२७-३९, १ कोरन्थी १३)। येशूको सतले पाएको प्रेम रित्त भएर आउँदैन। बरू त्यसको बिपरित येशूबाट प्रकट गरिएको हामीप्रति परमेश्वरको प्रेमको झलक चम्केर आउँदछ। यो यस्तो खालको प्रेम हो जसले सबै बुझाइ र ज्ञान भन्दा अपार छ। त्यसको फलस्वरुप हाम्रा जीवनहरू परिवर्तन हुन्छ, हाम्रा हृदयहरू परिवर्तन हुन्छ र हामी नयाँ सोच, नयाँ आकाँक्षा र नयाँ लक्ष्यले घचेटिएको नयाँ जनहरू हुन जान्छौं। हामीप्रति परमेश्वरको हाम्रो प्रेमको अन्तर्क्रियाले हाम्रा हृदयहरू परिवर्तन हुन्छ र अरुप्रति हाम्रो प्रेम बगिन्छ। "परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" भनेर पावलले व्यक्ति गरेका कमसेकम आंसिक रूपमा हामीलाई सायद भन्न खोजेको हुनसक्छ।

**१ यूहन्ना ४:१६ पढ्नुहोस्। यस पदले एफिसी ३:१७-१९मा पावलले व्यक्त गरेका भनाइसँग कसरी मिल्दछ? हेर्नुहोस्, "१६ *यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ*। १७ न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं। १८ प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन" (१ यूहन्ना ४:१६-१८)।**

**यस बुँदामा उल्लेख गरिएका पदहरू हेर्नुहोस्। तपाईंकै जीवनमा ती पदहरूमा उल्लेख गरिएका प्रतिज्ञाहरू पूरा गर्न तपाईंले के गर्नुपर्छ? के तपाईंको जीवनमा केही परिवर्तन गर्नु आवश्यक छ वा परमेश्वरको पूर्णताको (एफिसी ३:१९) अनुभव गर्न तपाईंलाई वाधा दिइरहेको छ? तपाईंको जीवनमा के परिवर्तन हुनु आवश्यक छ त्यसको सूची बनाउनुहोस्। आफ्नो लागि पनि बनाउनुहोस् र सहज छ भने त्यसलाई अरूलाई पनि बाँड्नुहोस्। तपाईं र तपाईंको विश्वासी सहयोगीमा आवश्यक परिवर्तन ल्याउन कसरी एक आपसमा मद्दत गर्न सक्नुहुन्छ?**

## ४. नयाँ करार र अनन्त जीवन

**"२५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। २६ अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छयौ?" (यूहन्ना ११:२५-२६)।**

अनन्त जीवनका दुई पक्षहरू छन्। वर्तमान पक्षमा विश्वासीहरूलाई अहिले नै प्रसस्त, अर्थमूलक र पूर्ण जीवनको अनुभव दिलाउँछ (यूहन्ना १०:१०)। यसमा धेरै प्रतिज्ञाहरू छन् जुन हाम्रो जीवन सार्थक बनाउन सहयोग गर्दछ।

भविष्यको पक्ष भनेको अनन्त जीवन हो। यसले हाम्रो पापमय शरीरलाई जिवित वा मरिएको अवस्थामा नयाँ जीवन र पुनरुत्थान मिल्दछ जब येशू दोस्रो पल्ट आउनुहुन्छ (यूहन्ना ५:२८,२९, यूहन्ना ६:३९)। यो भविष्यमामात्र हुने भएतापनि यो घट्ना उचित र लायकको छ। इसाईहरूको सारा आशाहरूलाई नै यसले छोषिराखेको छ।

**माथिको पद पढ्नुहोस्। यहाँ येशूले के भनिरहनुभएको छ? अनन्त जीवन कहाँ पाइन्छ? जो जिउँछ र उहाँलाई विश्वास गर्छ तिनीहरू मरे पनि कहिल्यै मर्नेछैन भन्ने उहाँको वचनलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्, प्रकाश २:११ "जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन।", प्रकाश २०:६ "पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।...१४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।" र प्रकाश २१:८ "तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।"**

यस संसारमा हामी जन्मेपछि अहिले नै येशू आउनुभएनभने हामी सबै मर्नेछौं। यसमा कुनै विवाद छैन। तर येशूको कथनमा हाम्रो मृत्यु केवल निन्द्रामात्रै हो, त्यो पनि अस्थायी स्थिति। जसले उहाँलाई विश्वास गर्छन् तिनीहरूको पुनरुत्थान हुन्छ र अनन्त जीवनमा प्रवेश पाउनेछन्।

जब येशू ख्रीष्टको आगमन हुन्छ तब ख्रीष्टमा मर्नेहरू पुनरुत्थान भएर अमरत्व प्राप्त गर्नेछन र येशूका जीवित विश्वासीहरू आँखाको निमेखमा अमरत्व धारण गर्नेछन्। येशूका निम्ति मरेका र जिइरहेकाले पुनरुत्थानमा एउटै खालको शरीर हुनेछन्। परमेश्वरका जनहरूको निम्ति अमरत्व त्यसबेला सुरू हुन्छ।

यो कस्तो आनन्द र सुखमय सन्देश हो कि हामीहरूको अन्त्य चिहानमा हुँदैन न त कुनै तत्वमा अस्तित्वविहिन भएर बिलाएर जानेछ। त्यसबेला हामीलाई नयाँ जीवन पाउनेछौं जसको अन्त्य हुनेछैन र सदाको निम्ति रहिरहनेछ।

"भौतिक शरीरमा ख्रीष्ट हामीसँग एक हुनुभयो, ताकि उहाँको आत्मा वा प्राणमा हामी उहाँसँगै एक हुन सकौं। यस गुणमा एकत्व भएर नै हामी चिहानबाट बाहिरिनेछौं। पुनरुत्थान हुनु भनेको केवल ख्रीष्टको शक्तिको प्रदर्शनमात्र होइन तर विश्वासद्वारा उहाँको जीवन हाम्रो जीवन हाम्रो हुनेछ। येशू ख्रीष्टको सत्य चरित्रलाई देख्ने र हृदयमा उहाँलाई ग्रहण गर्नेले अनन्त जीवन अहिले नै पाइरहेको हुन्छ। पवित्र आत्माद्वारा नै ख्रीष्ट हामीमा रहनुहुन्छ; जब विश्वासद्वारा परमेश्वरको आत्मा हाम्रो हृदयमा भित्राउँछौं तब त्यसबेलादेखि नै हाम्रो अनन्त जीवनको सुरू हुन्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ३८८ बाट रूपान्तरित।

**अहिले नै हामीले अनन्त जीवनका फाइदाहरू कसरि उपभोग गर्न सक्छौं? अर्को, शब्दमा भन्ने हो भने, अनन्त जीवनको प्रतिज्ञाको अर्थ हामीलाई अहिले नै के छ? अनन्त जीवनको प्रतिज्ञाको दैनिक जीवनमा उपभोग गर्नुभएका कही अनुभवहरू तपाईंको आफ्नै छ भने लेख्नुहोस्। यो प्रतिज्ञा कुनै व्यक्ति जो जीवनसँग संघर्ष गरिरहेको छ वा मृत्यसँगै संघर्ष गरिरहेको छ त्यसँग तपाईं कसरी बाँड्न सक्नुहुन्छ?**

## ५. नयाँ करार र येशूभक्तहरूलाई सुम्पिएको लक्ष्य तथा जिम्मेवारी

**"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु" (मत्ती २८:१९-२०)।**

दक्षिण अफ्रिकाको लेखक लोरेन्स भान डर पोस्टले यउटा कथन लेखेका थिए। त्यो थियो, "अर्थहीनको बोझ।" सारा संसारका मानिसहरू उनका कथन अनुसार आफ्ना जीवनहरू अर्थहीन बनाउँदै संघर्ष गरिरहेका छन्। मानिसहरूले जीवनको उपहार पाएका हुन्छन् तर त्यसलाई के गर्ने सो तिनीहरूलाई थाहा छैन। त्यस उपहारको उद्देश्य के हो सो तिनीहरूलाई थाहा छैन र त्यसलाई कसरी सदुपयोग गर्ने सो पनि थाहा छैन। साँच्चै भनेको तिनीहरूले पाएका जीवनहरू एक जना मानिसलाई दुर्लभ पुस्तकहरूले भरिएको पुस्तकालय हातमा पारेको जस्तै हो। त्यो मानिसले न त पढ्न जान्छ न त त्यसको महत्त्व थाहा नै छ। बरू उसले ती पुस्तकहरूलाई आगो बालेर ताप्दछ। अमूल्य खजानाको कस्तो दुरुपयोग, लापर्वाही र खेर हो!

तर नयाँ-करारमा बाँधिएको येशूभक्तको निम्ति त्यो समस्या खासै समस्या होइन जुन जीवनको लक्ष्य के हो भनेर पत्ता लगाउन उसले संघर्ष गरिरहनु आवश्यक छैन। तर त्यसको बिपरित जसले क्रूसमा टाँगिएको र पुनरुत्थान हुनुभएको येशूको बारेमा अचम्मको सन्देश थाहा छ, उहाँलाई चिन्छ र व्यक्तिगतरूपमा अनुभव गर्दछ उसको निम्ति उसको जीवन आनन्दको हुन्छ। संसारका सबै मानव प्राणीलाई पापबाट स्वतन्त्र पार्न र उसलाई अनन्त जीवन दिन येशू आउनुभएको, मर्नुभएको र पुनरुत्थान हुनुभएको सन्देश येशूभक्तले हृदयमा हार जस्तै सजाइ राखेको हुन्छ। जब येशूका भक्तले मत्ती २८:१९,२०मा स्पष्ट सन्देशलाई आत्मसात् गर्दछ तब उसको जीवन लक्ष्य वा उद्देश्यप्रेरित भएर चल्दछ। यस संसारमा उसको जीवनको वास्तविक अर्थ वा उद्देश्य छ भनेर उसले महसुस गरेको हुन्छ। त्यो लक्ष्य हो, उसले व्यक्तिगतरूपमा येशूमा अनुभव गरेको अचम्मको सत्य संसारमा फैलाउनु। यो कस्तो अवसर हो! यस संसारमा प्रायजसो हामी जे गर्छौं यस संसारको अन्त्यपछि त्यसको पनि अन्त्य हुनेछ। तर अरूलाई सुसमाचार सुनाउनेले सुन्ने मानिसहरूमा अनन्त जीवनको छाप उसले लगाइरहेको हुन्छ। हाम्रो जीवनको लक्ष्य र उद्देश्यको चर्चा गर्दा त्यो भन्दा पुनित र ननाशिने लक्ष्य अरू के होला!

**येशूले दिनुभएको आदेशको शब्दलाई एक एक गरेर केलाएर पढ्नुहोस्। त्यहाँ लुकिएका प्रत्येक तत्वहरूको समिक्षा गर्नुहोस्। हामीलाई खास गरेर के विशेष कामहरू गर्न येशूले भनिरहनुभएको छ र त्यसमा उहाँका प्रत्येक भक्त कसरी सामेल हुन आह्वान गरिएको छ? येशूले दिनुभएको आज्ञालाई**

**परिचालन गर्न चाहिने विश्वास र साहसको निम्ति के प्रतिज्ञाहरू उहाँले दिनुभएको छ?**

**नयाँ करारका येशूभक्तहरू भएको हैशियतले प्रभु आफैले हामीलाई स्पष्ट आदेश पालन गर्न निर्देशन दिनुभएको छ। हामीहरू जो भएतापनि, हामीहरू जहाँ भएतापनि, हामीहरू जतिपनि सिमितमा चलेतापनि त्यो लक्ष्यको निम्ति हामी केही न केही भूमिका खेलिरहन सक्छौं। तपाईंले त्यस मामिलामा केही गरिरहनुभएको छ? वा अहिले गरिरहनुभएको भन्दा अझ बढि के तपाईं गर्न सक्नुहुन्छ? विश्वासीहरू सहमत भएर येशूको आदेश पालन गर्न कस्तो महान् भूमिका खेल्न सकिन्छ सो छलफल गर्नुहोस्।**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *द ग्रेट कन्त्रोभर्सीको* पृ. ६३५-६४५मा उल्लेखित "गडस् पिपुल डेलिभर्ड" र *स्टेप्स टु क्राइस्टको* पृ. ११५-१२६को "रिज्वाइसिङ्ग इन द लर्ड।"**

"परमेश्वरको पवित्र पुत्रको आफ्नो कुनै पाप र सुर्ताहरू थिएन जुन उहाँले बोक्नुपरेको थियोः उहाँले अरूका सुर्ता वा शोकहरू बोकिरहनुभएको थियो; उहाँमाथि हाम्रो सबैको पाप र अधर्म लादिएको थियो। ईश्वरीय सहानुभूतिले उहाँ मानिससँग सम्पर्क गर्नुहुन्छ, र मानव प्राणीको प्रतिनिधि हुनुभएर आज्ञा उल्लङ्घन गर्नेलाई जस्तै व्यवहार गरिन आफूलाई सुम्पिनुहुन्छ। पापले गर्दा भयानक अन्धकारमा पारिने हाम्रो विपत्ति खोलेको उहाँले हेर्नुहुन्छ, र परमेश्वरबाट हामी अलगिएको कारण बनेको खाडीमा पुल हुन उहाँले हाम्रो सामु प्रस्ताव राख्नुहुन्छ।"-एलेन जी ह्वाइट, बाइबल इको एण्ड साइन अभ द टाइम्स्, अगस्ट १, १८९२ बाट रूपान्तरित।

"मेरा दाजु, भाइ तपाईं जस्तो छ त्यसरी नै आउनुहोस्। तपाईं पाप र प्रदुषणले तपाईंको जीवन छिया छिया भएको होला। तपाईंको दोषको भार येशूमाथि राख्नुहोस्, र हाम्रो निम्ति उहाँले गर्नुभएको पुनित वा धार्मिक कामलाई विश्वासद्वारा दावी गर्नुहोस्। दया झुमिरहेकै बेला अहिले नै उहाँकहाँ आउनुहोस्; पापलाई स्वीकार गर्दै आउनुहोस्, पश्चातापी र हृदयलाई पगालेर आउनुहोस् र उहाँले तपाईंलाई प्रसस्तमात्रामा क्षमा दिनुहुनेछ। अर्को अवसर गुमाउन अलिकति पनि दुसाहस नगर्नुहोस्। मृत्युबाट अहिले नै पुनरुत्थान हुन दया र करुणाको आवाजलाई सुन्नुहोस्। ख्रीष्टले तपाईंलाई ज्योति दिनुहुनेछ।

अदृश्य संसारको भाग्यरेखाहरूमा प्रत्येक क्षण सिधै सम्पर्क भइरहेको देखिन्छ। त्यसले गर्दा तपाईंलाई उपलब्ध गराइएको दयालाई तपाईंको घमण्ड, अहंकार र अविश्वासले पर पर धकेलिरहेको हुन्छ। यदि तपाईंले पवित्र आत्माको सुरिलो आवाजलाई अस्वीकार गररहनुभयो भने अन्तमा तपाईं आफै बिलापमा पर्नुहुन्छः 'कटनी भइसकेको छ, गर्मी मौसम समाप्त भयो, र हामीले मुक्ति पाएनौं।'"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ३५३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. लेखक फ्रान्सिस्को होजे मोरिनोले व्यक्त गरेका थिए, "हामी जगत वा कस्मोससँग सम्बन्ध भइरहेको अनुभव गर्दछौं। हाम्रो अज्ञान र अन्तिम शक्तिहिनको बारेमा हामी सजग छौं। त्यसले गर्दा हामीलाई असुरक्षित महसुस भइरहेको छ। त्यसको फलस्वरुप हामी त्रासै त्रासमा जिइरहेकाछौं।"-विट्विन फेथ एण्ड रिजनः बासिक फियस एण्ड द ह्युमान कन्डिशन (न्यु योर्कः हार्पर, १९७७), पृ. ७ बाट रूपान्तरित। यहाँ व्यक्त गरेको कथनसँग एफिसी ३:१७-१९ तुलना गरेर पढ्नुहोस्। दुई कथनहरूको बीचमा के कुरामा संवेदनसील देखिन्छ? सोच्नुहोस्।

आ. येशूलाई विश्वास गरेको हुनाले परमेश्वरले हामीलाई आनन्द र खुशी दिने प्रतिज्ञा गर्नुभएको छ। के हामी सधैं खुशी वा आनन्दित भएर नै बस्ने? यदि छैन भने, के हाम्रो इसाई अनुभवमा केही गलत देखिएको छ त? येशूको जीवनमा के छ जसले गर्दा अगाडिका प्रश्नहरूको जवाफ पाएर बुझ्न सहयोग गर्दछ?

इ. परमेश्वरको पूर्णताले भरिपूर हुनु (एफिसी ३:१९) भनेको के हो त्यसमा चिन्तनमनन गर्नुहोस्। त्यसको अर्थ के हो? हाम्रो जीवनमा यो कसरी अनुभव गर्न सकिन्छ?

सारांशः करार भनेको कुनै गहिरो धार्मिक दर्शन होइन; बरू येशू ख्रीष्टको मुक्ति दिने सम्बन्धको दायराभित्र रहेर यसलाई व्याख्या गर्न सकिन्छ। त्यो सम्बन्धको पूर्णताको अचम्मको उपभोग अहिले पनि गर्न सक्छौं र उहाँको दोस्रो आगमनमा पनि।

## कथा १३
## घरघरको ढोकामा
### आश्ली आलभारेज, २०, मेक्सिको

अमेरिकाको टेक्सास राज्यको दक्षिण सिमाना बाहिर मेक्सिको देशको सानो सहर छ। यो सहर टेक्सासबाट दुई घन्टा कारबाट पुगिन्छ। त्यस सहरमा रहेको हाइस्कूलमा म पढ्न भर्ना भएको थिएँ। त्यहाँ मसँगै पढ्ने केट्जी भेटें। उनी र म धेरै नजिकको साथी भयौं। उनी सेभेन्थ-डे एडभेन्टिस्ट रहेछिन् भनेर मैले थाहा पाएँ। उनले मलाई बरारबर चर्चको विभिन्न कार्यक्रमहरूमा आउन अनुरोध गर्दथी। चर्चले बाहिर खुला र रमणीय प्राकृतिक ठाउँहरूमा गरिने भेलाहरूमा पनि मलाई उनले निम्तो दिन्थी। तर हाइस्कूलभरि मैले उनको अनुरोधलाई स्वीकार गरिंन। "मेरा बाबुआमाले मलाई जान नदिएकोले म जान सक्दिँन" मैले भन्थें। तर वास्तविकमा मैले मेरा बाबुआमालाई कहिल्यै पनि सोधेको थिइँन। मलाई चर्चको कार्यक्रममा जाने चासो थिएन। त्यसकारण उनले गरेको निम्तो एउटा कानबाट सुन्थें र अर्को कानले उडाइदिन्थें।

कहिलेकाहीं केट्जी र मेरो बीचमा साबथको बारेमा रमाइलो बहस हुन्थ्यो। उनले जे विश्वास गरिन् त्यो मलाई भन्थिन् भने मैले जे विश्वास गरें त्यो मैले भन्थें। तर मैले के विश्वास गरेको छु त्यो खास गरि मलाई थाहा थिएन। केट्जीसँग असहमतमात्रै म हुन प्रयास गर्थें। तर जुन दिन परमेश्वरको आराधना गरेपनि त्यसको मतलब छैन भनेर मेरो बुबाले मलाई भन्नुभएको थियो। हाइस्कूल सकेपछि हामी डाक्टर पढ्न निर्णय गर्‍यौं। मेरो आवेदनलाई विश्वविद्यालयले स्वीकार गरेनन्। परमेश्वरले मलाई विर्सिनुभयो भनेर मैले सोच्न थालें। वर्षभरि मलाई दुःख लाग्यो। तब केट्जीले फेरि बाहिर रमणीय ठाउँमा आयोजना भएको बाइबल क्याम्पमा जान फेरि निम्तो दिइन्। मलाई दिक्क लागिरहेको थियो। यसबेला म जान मञ्जुर गरें। म जानबित्तिक्कै त्यहाँको वातावरण मलाई मन लाग्यो। युवायुवतीहरू मिलनसार र मित्रवर थिए। त्यसबेला तीन दिनसम्म क्याम्प भएको थियो। त्यस क्याम्पमा सिकिने मूख्य विषयबस्तु थियो परमेश्वरको काम कसरी गर्ने। हामीले एउटा नदीलाई सफा गर्‍यौं र एउटा एडभेन्टिस्ट चर्चको जिर्णोद्धार गर्‍यौं। घरघरमा जाने कार्यक्रमले मलाई धेरै प्रभाव पार्‍यो। घरघरमा गएर

हामी भजन गाउँथ्यौं र बाइबलको पद पढ्थ्यौं। हामीहरू देखेर मानिसहरूका अनुहारहरू खुशीले चम्किन्थे। हाम्रो प्रार्थनाद्वारा तिनीहरूका हृदयहरू परिवर्तन भएको मैले देखेको थिएँ।

यस्तो खालको सुसमाचारीय कार्यक्रममा मैले पहिला कहिल्यै पनि भाग लिएको थिइनँ। मलाई पनि खुशी लागेकोले म अचम्म भएँ। मैले सोचें, "यस्तो खालको कार्यक्रम मैले धेरै गर्न चाहन्छु। यो त म सधैं गर्न चाहन्छु!" तीनदिनको कार्यक्रमले मेरो जीवन नै परिवर्तन भयो। मेरा सबै दिग्दारपना हट्यो। मेरो जीवनको लक्ष्य छ भनेर मैले महसुस गरें। तर खास गरेर मेरो जीवनको लक्ष्य के हो मलाई थाहा थिएन। मैले मेरा बुबाआमालाई मेरो अनुभव भनें तर तिनीहरूले चासो देखाएन। अर्को साबथ म चर्चमा गएँ। मानिसहरूले मलाई स्वागत गरे र चर्चको क्रियाकलापमा सहभागी हुन मलाई अनुरोध गरे। जब मैले बाइबल पढें तब मैले धेरै कुराहरू सिकें। त्यसपछि म हरेक साबथ चर्चमा जान थालें। क्याम्पको एक महिनापछि मन्टेमोर्लोज विश्वविद्यालयको ईश्वरीयदर्शनशास्त्रको विद्यार्थी हाम्रो सहरमा आयो र चर्चमा एक हप्ताको सुसमाचारीय कार्यक्रमको आयोजना गर्‍यो। मैले उसलाई घरमा खान बोलाएँ। मेरो परिवारसँग उसले बाइबलको बारेमा चर्चा गर्‍यो। जब ऊ फर्किन्दै थियो तब उसले मलाई सोध्यो, "के तपाईंले बप्तिस्मा लिने कुरा सोच्नुभएको छ?" जब मैले त्यो सुनें, मैले सोच्न थालें, "ओहो, यो त कस्तो मजाको प्रश्न रहेछ!" तुरन्तै बप्तिस्मा लिन मैले निर्णय गरें। मेरा बुबाआमा र केट्जीले तिन दिनपछि मैले बप्तिस्मा लिएको हेरिरहे।

एक महिनापछि मन्टेमोरेलोज विश्वविद्यालयमा भएको पाथफाइन्दर कार्यक्रम आयोजनामा म सरिक भएँ। गवाही दिने समयमा आयोजकहरूले मलाई गवाही दिन बोलाए। जब मैले गवाही दिएँ तब मानिसहरूका आँखाहरूमा आँशु आइरहेको मैले देखें। मैले गवाही दिन सकेपछि एक जना आयोजकले घोषणा गरे, "र उनी मन्टेमोरेलोजमा पढ्द चाहन्छिन्।" तर म त्यहाँ पढ्ने मेरो चाहना थिएन र मसँग पैसा पनि थिएन साथै म आफ्नै बाबुआमासँग घरैमा बस्न चाहन्थे। तर विश्वविद्यालयको एक जना शिक्षकले गर्मी महिनाको छुट्टीमा किताब बेचेर विश्वविद्यालयमा पढ्ने पैसा आर्जन गर्ने कुरा गर्दा म नाईं भन्न सकिनँ। म विश्वविद्यालय रहेको सहरको ढोका ढोकामा गएर किताब बेचें। त्यसबेला मैले मेरो विश्वासको बारेमा धेरै सिकें। म युवा क्याम्पमा भएको घर घर जाने ढोकामा जाने चाहना पूरा भएको मैले

महसुस गरें। स्वास्थ्य र परमेश्वरको प्रेमको बारेमा छापिएको पुस्तक बेच्ने काममा मेरो मोह भयो। जब गर्मी मौसम सकियो मेरा बाबुआमाले घरमा आउन बोलाए। जब म घर फर्कें तब म विश्वविद्यालयमा गएर किताब बेच्ने काम गरेर त्यहाँ पढ्ने पैसा जुटाउन मैले चाहना गरिरहें। किताब बेच्ने काममा लाग्न परमेश्वरको इच्छा भएको मैले महसुस गरें। आखिरमा मैले बुबाआमालाई भनें कि तिनीहरूले मलाई विश्वविद्यालयमा लगेन भने म आफै जान्छु। तिनीहरूले रिसले मलाई विश्वविद्यालयमा पुऱ्याए। तिनीहरू रिसाइरहेको थियो र मलाई छोड्ने बेलामा गुडबाइ पनि भनेनन्। मलाई चित्त दुख्यो र प्रार्थना गरें, "प्रभु, तपाईं र ममात्रै हौं।"

एक महिना भयो मेरा बुबाआमाले मलाई फोन पनि गरेनन्। मैले भूल गरेंकि भनेर मैले सोचें। जब म घर फर्कन चाहन्छु भनेर मेरो बुबालाई फोन गर्दैथिएँ उहाँले भन्नुभयो "तिमी आउन सक्दैनौं। तिमी त्यहीं बस। तिम्रो आमा र म एडभेन्टिस्ट चर्चमा जाँदैछौं।" मैले विश्वासै गर्न सकिनँ। म रुन थालें। म रोइरहेकोले म कुरै गर्न सकिनँ। पछि मैले थाहा पाएँकी म पुस्तक बेचेर परमेश्वरको काम गर्न चाहने मेरो कठोर निर्णयले तिनीहरू अचम्म मानेका थिए। जब तिनीहरूले मलाई विश्वविद्यालयमा छोडेपछि तिनीहरूले एडभेन्टिस्ट चर्चको बारेमा जान्न चर्चमा जाने निर्णय गरेका थिए। अनि तिनीहरूले बाइबल अध्ययन क्लासमा भर्ना भए र बप्तिस्मा लिने निर्णय गरे। ती सबै समयमा मेरा बुबाआमाहरू मसँग रिसाइरहेको होला भनेर मैले सोचिरहेको थिएँ। फोन गरेको छ हप्तापछि, बुबाआमा, मेरा १७ वर्षको भाइ र १३ वर्षकी बहिनीले बप्तिस्मा लिए। किनभने किताब बेचेर सुसमाचार प्रचार गर्ने काममा परमेश्वरले बोलाउनुभएको आह्वानप्रति म लागिरहेकोले मेरो परिवारले बप्तिस्मा लिए।

मेरो घर सान गाउँ सान फर्नान्डो हो जहाँ सबै मानिसहरूलाई थाहा छ कि मेरो परिवारले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भएका छन्। जब मेरा बाबुआमा र मैले गवाहीहरू अरूलाई सुनाउँछौं तब धेरै परिवारहरू चर्चमा आउन चासो देखाइरहेकाछन्। फेरि पछि के हुने हो मलाई थाहा छैन। तर यो त केवल कथाको सुरूमात्र हो।

## थप कथा युवा मिसन कथाबाट

## ईश्वरीयदर्शनशास्त्रको (थियोलोजी) सबभन्दा पहिलो विद्यार्थी

## होसे रोड्रिगो मार्टिनेज पाट्रन

मेरा बाबु आमा सेभेन्थ-डे एडभेन्टिस्ट हुन्। उहाँहरू उत्तर पूर्व अमेरिका महादेशको मेक्सिको भन्ने देशको मरिडा भन्ने भन्ने देशमा रहन्छन्। म बच्चा भएकै बेलामा जब मेरी आमाले मसँग कुराकानी गर्थिन् तब म वाल्ल परेर हेरिरहेको उनले महसुस गरिन्। उनले मेरो नाउँ लिएर बोलाउँथिन् तब मैले वास्ता गरेको थिइँन। म बहिरा भएको उनले ठम्याइन्। जब म २ वर्षको थिएँ मेरो आमाले मलाई बहिराहरूको निम्ति खोलेको विशेष स्कूलमा लगिन्। त्यहाँको शिक्षिकाले मलाई चिन्हहरूद्वारा बोलिचाली गर्ने र कसरी बोल्ने सिकाइन्। मेरी शिक्षिकाले अक्षर र शब्दहरूको उच्चारण गरि त्यसको आवाज सिकाइन्। जब उने बोलिन् तब मेरो हात उनको घाँटीमा राख्थें। अनि उनले मेरो आफ्नै घाँटीबाट आवाजहरू उच्चारण गर्न प्रयास गर्न लगाइन्। उनको छोरोले आवाज सुन्न नसकेकोले मेरी आमा रुन्थिन्। तर शिक्षिकाले सान्त्वना दिइन्, "चिन्ता नगर्नुहोस्। धैर्य हुनुहोस्। सबै ठीक हुनेछ।"

विशेष आवश्यकता हुने विद्यार्थीहरूको निम्ति खोलिएको स्कूलमा म दिन दिनै दुई घन्टा जान्थें। म एडभेन्टिस्ट स्कूलमा पनि दिनको दुई घन्टा पढ्थें। त्यस चर्च स्कूलले मलाई कसरी पढ्ने र लेख्ने सिकायो। सबभन्दा महत्त्वपूर्ण त त्यस स्कूलले मलाई परमेश्वरको बारेमा सिकायो। म आठ वर्ष नपुगुञ्जेल एडभेन्टिस्ट स्कूलमा पढें। तर त्यस स्कूलमा चिनो भाषा सिकाउने शिक्षक थिएन। तब मेरी आमाले मलाई सार्वजनिक स्कूलमा पठाइन् जहाँ शिक्षकहरूले मसँग कुराकानी गर्न सक्थे। एक दिन मेक्सिकोकै लिन्डा भिस्टा एडभेन्टिस्ट विश्वविद्यालयको एक कार्यक्रममा म भाग लिन गएँ। त्यस कार्यक्रममा म जस्तै कान नसुन्ने युवायुवतीहरु जम्मा भएका थिए। त्यो कार्यक्रम म जस्तै बहिराहरूको निम्ति आयोजना गरिएको थियो। म जस्तै कान नसुन्ने अरू एडभेन्टिस्टहरूसँग घुलमिल गर्दा मलाई मजा लागेको थियो। मलाई वर्ष वर्षमा त्यस्तै भेलामा सहभागी हुन दुई वर्षसम्म निम्तो दिएको थियो। अनि इन्टर-अमेरिकन डिभिजनले बहिराहरूको निम्ति पहिलो कार्यक्रम आयोजना गऱ्यो। यो कार्यक्रम मेक्सिकोको मन्टेरेरीमा रहेको मन्टेमोरेलो विश्वविद्यालयमा भएको थियो। त्यस कार्यक्रममा पास्टर भएर परमेश्वरको

सेवा गर्ने भावना जाग्यो। तर कसरी? विश्वविद्यालयमा अध्ययन गर्न मेरो आर्थिक अवस्था अत्यन्तै कमजोर थियो।

जब कार्यक्रम सकियो तब त्यस विश्वविद्यालयको अध्यक्षले अचम्मको घोषणा गरे, "तपाईंहरूमा कोही यस विश्वविद्यालयमा अध्ययन गर्न चाहन्छ?" उहाँले त्यस विश्वविद्यालयमा पढ्न चाहने बहिरा विद्यार्थीहरूलाई पूरै छात्रवृत्तिको घोषणा गर्नुभयो। त्यबेला मलाई थाहा भयो कि परमेश्वरले मलाई पास्टर हुन आह्वान गरिरहनुभएको थियो, त्यसकारण म जुरुक्क उठें। मन्टेमोरेलोज विश्वविद्यालयको म पहिलो बहिरो विद्यार्थी थिएँ। म अहिले त्यस विश्वविद्यालयमा दोस्रो वर्षमा अध्ययन गर्दैछु। मलाई पढ्न गाऱ्हो भएको त थियो किनभने कसैले पनि चिनो भाषा थाहा थिएन। म बढो लगनशील भएर पढ्न ध्यान दिएँ। सिक्षकहरूको ओठलाई बुझ्न खोजें। पहिलो वर्षमा त म धेरै कक्षाहरूमा फेल भएँ, र मैले फेरि ती कक्षाहरूमा भर्ना हुनुपरेको थियो। कान नसुन्नेहरूको निम्ति मैले धेरै सुसचारीय कार्यक्रमको आयोजना गरें। ती कार्यक्रमहरू मेक्सिको सहरमा पनि मैले आयोजना गरें। बहिराहरूले आराधना गर्ने चर्चहरूमा मलाई प्रवचन दिन बोलाउँछन्। म त्यस विश्वविद्यालयमा ईश्वरीयदर्शन शास्त्र पढिसकेपछि पास्टर हुने मेरो ठूलो इच्छा छ। सुसमाचार सुनाउन विदेशमा पनि जाने मेरो चाहना छ। स्पेनमा पनि कान नसुन्नेहरूलाई सुसमाचार सुनाउने मेरो लक्ष्य छ।

बहिराहरूको निम्ति प्रार्थना गर्नुहोस्। हामी सबैको सपना छ। परमेश्वरले जे भन्नुभयो सो गर्न हामी तयार छौं।